NRB Directive
Form No. 9.5

# NADEP Laghubitta Bittiya Sanstha Limited

Quarterly Financial Statement

At the quarter ended Ashadh, 2079

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **5461881.77** | **5305848.79** | **4785477.95** |
| 1.1 | Paid-up Capital | 485760.00 | 485760.00 | 485760.00 |
| 1.2 | Reserves and Surplus | 392709.88 | 337945.70 | 287031.43 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 2066963.28 | 2127488.88 | 1972706.88 |
| 1.5 | Deposits (a+b) | **1771314.99** | **1718733.84** | **1544247.64** |
| | a. Domestic Currency | 1771314.99 | 1718733.84 | 1544247.64 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 48898.41 | 24387.07 | 54590.54 |
| 1.7 | Other Liabilities | 696235.21 | 611533.30 | 441141.47 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **5461881.77** | **5305848.79** | **4785477.95** |
| 2.1 | Cash & Bank Balance | 43113.34 | 36654.87 | 56198.91 |
| 2.2 | Money at call and short Notice | 40520.25 | 47683.72 | 154752.69 |
| 2.3 | Investments | 2000.00 | 2000.00 | 2000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **5015621.71** | **4871135.56** | **4421556.07** |
| | f. Others | 5015621.71 | 4871135.56 | 4421556.07 |
| 2.5 | Fixed Assets | 12328.11 | 14266.40 | 10914.54 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 348298.35 | 334108.24 | 140055.75 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 726793.35 | 524102.55 | 744727.48 |
| 3.2 | Interest Expense | 335776.36 | 232377.00 | 268187.54 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **391016.98** | **291725.55** | **476539.94** |
| 3.3 | Fees Commission and Discount | | | |
| 3.4 | Other Operating Income | 74226.45 | 53880.03 | 70018.38 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **465243.44** | **345605.58** | **546558.32** |
| 3.6 | Staff Expenses | 245872.95 | 142787.53 | 200180.87 |
| 3.7 | Other Operating Expenses | 68840.92 | 49046.05 | 68764.77 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **150529.56** | **153772.00** | **277612.69** |
| 3.8 | Provision for Possible Loss | 20036.04 | 66993.92 | 27886.15 |
| **D** | **Operating profit (C-3.8)** | **130493.52** | **86778.08** | **249726.54** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 5052.31 | 3544.41 | -479.19 |
| 3.10 | Write Back of Provision for Possible Loss | 45559.38 | | 24247.06 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **181105.21** | **90322.49** | **273494.41** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | -6577.85 |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **181105.21** | **90322.49** | **266916.56** |
| 3.12 | Provision For Staff Bonus | 18110.52 | 9032.25 | 26691.66 |

| | | | | |
|---|---|---|---|---|
| 3.13 | Provision For Tax | 48898.41 | 24387.07 | 79606.12 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **114096.28** | **56903.17** | **160618.79** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 13.07% | 13.29% | 13.45% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.89% | 4.92% | 3.51% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 124.64% | 116.93% | 151.66% |
| 4.4 | Cost of Funds | 10.37% | 9.91% | 6.54% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 283.16% | 283.41% | 285.19% |

Note: The above financial statement is subject to change from Statutory Audit & Supervisory Authority

## Interest Rate

**Against Member Saving – 6% to 9%** **Against Loan & Advance- 14% to 15%**

## धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३ नियम २६ उपनियम (१) सँग सम्बन्धित अनुसुची १४ बमोजिमको नाडेप लघुबित्त वित्तीय संस्था लिमिटेडको आ. ब. २०७८/०७९ को चौथो त्रैमासिक बिवरण

**१. प्रमुख वित्तीय बिवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरण :**

यस वित्तीय संस्थाको वासलात, नाफा-नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू गत आ. ब. को सोही अवधिको तुलनामा निम्न बमोजिम रहेको छ।**

| प्रति शेयर आम्दानी ( वार्षिकीकरण) रू. | प्रति शेयर बजार मूल्य रू. | मूल्य आम्दानी अनुपात रू. | प्रति शेयर खुद किताबी मुल्य रू. | प्रति शेयर कूल सम्पत्तिको मूल्य रू. | तरलता अनुपात |
|---|---|---|---|---|---|
| २३।४९ | हाल कारोवार रोक्का रहेको । | ( | १८०।८४ | ११२४।४० | ५।७० |

**२. ब्यवस्थापकीय बिश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी बिवरण :** वित्तीय संस्थाको ब्यावसायिक योजना तथा लक्ष्य अनुरूप प्रगतिमा कमी भएको छ । गत आ.ब. को सोही अवधिको खुद मुनाफाको तुलनामा समीक्षा अवधिको खुद मुनाफामा ह्रास आएको छ । यस आ.ब.मा धनुषा, महोत्तरी, सिरहा, रौतहट, बारा, सर्लाही र चितवन जिल्लामा १० वटा शाखा कार्यालय थप गरि ८८ वटा शाखा कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरिरहेको छ । यस संस्थाले २०७६ साउन १ गते पश्चात लगानी गरिएका सबै कर्जाहरू निक्षेप तथा कर्जा सुरक्षण कोषबाट सुरक्षण गर्दै आएको छ । जसबाट लगानीमा रहेको बाँकी सावाँमध्ये यस त्रयमासको अन्त्यमा करिव रू ४.९२ अर्व कर्जा सुरक्षण गरिएको र उक्त सुरक्षणमा कुनैपनि कारणले भाखा नाघेको कर्जा समेत समावेश गरिएको छ ।

**ख. आगामी अवधिको ब्यावसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरण :**

यस वित्तीय संस्थालाई डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा समझदारीपत्र (MOU) भई नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति (LOI) प्राप्त भएकोमा शेयर संरचना र कर्मचारी पद समायोजनमा दुवै वित्तीय संस्था समझदारीमा पुग्न नसकेकोले दुवै वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक समक्ष सैद्धान्तिक सहमति (LOI) बदर गर्न अनुरोध गरे अनुसार नेपाल राष्ट्र बैंक बाट सैद्धान्तिक सहमति (LOI) बदर भइ आएको छ ।

चालु आ.ब. को यस त्रयमासको अन्त्य सम्ममा वित्तीय संस्थाले हासिल गरेको प्रगति निम्नानुसार रहेको छ ।

| बिवरण | चालु आ. व. २०७८/०७९ | चालु आ. व. २०७८/०७९ |
|---|---|---|
| | चैत्र मसान्त | असार मसान्त |

| | | |
|---|---|---|
| कुल सदस्य संख्या | ८२,५७२ | ८३,१७७ |
| बाँकी सावाँ (रू. हजारमा) | ५,१६८,४१६।२८ | ५,२२०,३८५।१७ |
| कुल बचत (रू. हजारमा) | १७,१८,७३३।८४ | १,७७१,३१४।९९ |

ग. **बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक बिवरण** : तरलता उपलब्धताको असहज कारणले कोषको लागत दर प्रतिकुल हुने देखिन्छ । पछिल्लो समयमा एकै कार्यक्षेत्रमा बहुसंख्यक लघुवित्त सेवा प्रदायकहरूको उपस्थितीले सदस्यहरू बीच कर्जाको दोहोरोपना बढ्न गई कार्यक्रमको गुणस्तरमा दिनानुदिन ह्रास आएकोमा मर्जर तथा प्राप्तिको कार्यान्वियनबाट सेवामा सुधार आउन सक्छ ।

३. **कानुनी कारवाही सम्वन्धी बिवरण** : समीक्षा अवधिमा संस्थाले कसै बिरूद्ध मुद्दा दायर गरेको छैन र संस्था बिरूद्ध पनि कसैले मुद्दा दायर गरेको जानकारी प्राप्त गरेको छैन ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्वन्धी बिश्लेषण** :

क. **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणा** : यस वित्तीय संस्थाको शेयर कारोवार डिप्रोक्स लघुवित्त बित्तीय संस्था लिमिटेड र यस लघुवित्त बीच प्राप्ति सम्झौता (हाल उक्त सम्झौता बदर भएको) भएकोले मिति : २०७७।०९।१६ बाट शेयर कारोबार बन्द रहेको छ ।

५. **समस्या तथा चुनौती** :

क. तरलताको अभाव

ख. कोरोना महामारी (कोभिड १९) ले लघुवित्त क्षेत्रमा दीर्घकालिन प्रभाव,

ग. संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तार सँगै बढने सदस्यहरूको दोहोरोपना,

घ. नियमनकारी निकायबाट अप्रत्यासित रूपमा हुन सक्ने नीतिगत परिवर्तन र सो बाट सिर्जित हुन सक्ने समस्या तथा चुनौती,

ङ. दक्ष जनशक्तिको अभाव तथा कर्मचारीहरूबाट सेवाको परित्याग,

च. कमजोर भौतिक पुर्वाधार

छ. अप्रत्यासित रूपमा सृजना हुनसक्ने प्रतिकुल अवस्था, आदि ।

६. **संस्थागत सुशासन** : संस्थागत सुशासनका लागि कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, कर्मचारी पदपुर्ति समिति, कर्जा असुली इकाई लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समितिहरू मार्फत ब्यावसायिक योजना तथा कार्यक्रमको तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, सम्पादन गरिएका कार्यहरूको मुल्याङ्कन गर्ने र सोको समीक्षाको आधारमा उपयुक्त रणनीति अवलम्वन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानूनको पालना गरिनुका साथै आवश्यकता अनुसार संस्थाको कार्यक्रमलाई सबल र सक्षम बनाउन आवश्यक नीति नियमहरू बनाई लागु गरिएको छ ।

७. **सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** : यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धताको सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण हुनुका साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।